# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# हायुटार, सिन्धुली
# वागमती प्रदेश, नेपाल

## *रोजगार संयोजक पद सेवा करारमा पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना*
## *(प्रथम पटक प्रकाशित मिति : २०७९/११/२६)*

यस गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रिक्त रहेको रोजगार संयोजक पदका लागि खुला प्रतिस्पर्धाबाट करार सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित दरखास्त फारम पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

(१) पद : रोजगार संयोजक (स्थानीय सेवा छैठौं तह सरह)

(२) माग पद संख्या : एक (१)

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उतिर्ण ।

ख) दरखास्त दिने मितिमा २१ वर्ष पुराभई ४५ वर्ष ननाघेको ।

ग) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी कारवाहिमा नपरेको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(४) करार अवधि : २०८० साल असार मसान्तसम्म ।

(५) तलव : रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा १८ बमोजिम हुनेछ ।

(६) आवश्यक कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु

ग) पासपोर्ट साइजको फोटो ३ प्रति

घ) कार्य अनुभव र तालिम भए सोको प्रमाणपत्रको प्रतिलिपिहरु

(७) आवेदन दस्तुर : रु. १०००।- (एक हजार मात्र) कार्यालयको राजश्व शाखामा वा QR Code मार्फत भुक्तानी गरी भौचर संलग्न राख्नु पर्ने ।

(८) परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरुले सेवा सम्बन्धी ५० पूर्णाङ्क र कम्प्युटर सम्बन्धी ५० पूर्णाङ्कको परीक्षा लिइनेछ ।

(९) परीक्षाको मिति र स्थान : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरेको दिन तोकिने छ ।

....................

राम कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत